मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

धनुषा जनकपुरधाम


प.सं २०८३/०८४
च.नं.

## बीउ विजन विक्रेता अनुमतिपत्र नवीकरण तथा खारेजी सम्बन्धी सूचना !!!

**सूचना प्रकाशन मिति : २०८३।०४।२७ गते**

प्रस्तुत विषयमा बीउ विजन नियमावली, २०८१ वमोजिम बीउ बिजन विक्रि वितरण अनुमतिपत्र प्राप्त गरी नियमावलीको नियम १६ बमोजिम निर्धारित म्याद (१ वर्ष) भित्र अनुमतिपत्र नवीकरण नगराएका बीउ बिजन व्यवसायीहरुको हकमा बीउ विजन (पहिलो संशोधन) नियमावली, २०८३ वमोजिम उक्त अनुमतिपत्र स्वतः खारेजी गरिने प्रावधान रहेको छ। खारेजी प्रक्रिया पश्चात पुनः बीउ विजन विक्री वितरणको अनुमतिपत्र प्राप्त गर्न इच्छुक व्यवसायीले बीउ बिजन नियमावली, २०८१ को नियम १६ वमोजिम बीउ विजन व्यवसाय सम्बन्धी तालिममा सहभागी भई राष्ट्रिय बीउ विजन समितिबाट सञ्चालन गरिने परिक्षामा उत्तीर्ण हुनुपर्नेछ। उक्त परिक्षामा उत्तीर्ण भएपछि आवश्यक कागजात सहित कृषि विकास कार्यालयबाट पुनः अनुमतिपत्र प्राप्त गर्न सकिने व्यवस्था रहेको छ।

अतः म्याद समाप्त भई नवीकरण हुन बाँकी रहेका बीउ विजन विक्री वितरण अनुमतिपत्रहरु स्वतः खारेज हुने भएकोले आवश्यक पर्ने व्यवसायीले प्रचलित कानुन वमोजिम पुनः अनुमतिपत्र प्राप्त गर्ने प्रक्रियामा सहभागी हुन सम्बन्धित सबै व्यवसायी तथा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

थप जानकारीको लागी यस कार्यालयको आधिकारीक वेवसाईट https://akcdhanusha.gov.np/ मा गई बीउ बिजन नियमावली २०८१ र बीउ बिजन (पहिलो संशोधन) नियमावली, २०८३ प्राप्त गर्न सकिने छ ।

..........................
प्रदीप कुमार यादव
प्रमुख

**प्रदीप कुमार यादव**
**प्रमुख**


फोन नं ०४१-४२०१४८/४२०७३९ इमेलः akcdhanusha.chief@gmail.com